## ५९ औं कार्यपालिका निर्णयहरु (मिति २०८२।०९।२१)

प्रस्ताव नं.१ अठारौं (१८ औं) नगरसभा अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।

निर्णय नं.१ टीकापुर नगरपालिकाको अठारौं (१८ औं) नगरसभा अधिवेशन मिति २०८२ पौष २८ गते विहान ११.०० वजे टीकापुर बहुप्राविधिक शिक्षालयको सभा हलमा आव्हान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२ वरघर घर निर्माणको लागी जग्गा प्राप्त गर्ने सम्बन्धमा ।

निर्णय नं.२ टीकापुर नगरपालिका वडा नं.७ स्थित श्री सत्ती थारु एकता कृषक समुहको निर्णय तथा वडा नं.७ को निर्णयानुसार सोही स्थानमा वरघर घर निर्माणका लागि सत्ती थारु एकता कृषक समुहको नाममा दर्ता श्रेष्ता कायम भएको साविक नारायणपुर गा.वि.स.वडा नं.५ हाल टीकापुर नगरपालिका वडा नं.७ कि.नं.१२२२ क्षेत्रफल ०-१-० ज.बि.भएको जग्गा टीकापुर नगरपालिकाको नाममा निशुल्क उपलब्ध गराउन सहमत भएकोले सो जग्गा टीकापुर नगरपालिकाको नाममा दाःखा श्रेष्ता कायमका लागि मालपोत कार्यालय, टीकापुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३ लिखित परिक्षा सञ्चालनका लागि वजेट विनियोजन सम्बन्धमा ।

निर्णय नं.३ टीकापुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा ५ बमोजिम अन्तर्वार्ता र सूचिकरण समितिको मिति २०८२।०९।०७ को निर्णय अनुसार शहरी स्वास्थ्य प्रवर्द्धन तथा सिकलसेल केन्द्रका लागि आवश्यक मेडिकल अधिकृत लगायत अन्य स्वास्थ्य कर्मिका पदहरु पदपुर्ति गर्ने कार्य अन्तर्गत मिति २०८२।१०।१६ र १७ गते लिखित परिक्षा सञ्चालन गर्ने मिति तय भए अनुसार सो कार्यका लागि आवश्यक पर्ने वजेट रु.६.८६,७००।विनियोजन लागि आगामी कार्यपालिका मार्फत नगरसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.४ आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं.४ यस कार्यालयमा नगर प्रहरी जवान पदमा कार्यरत श्री शसिना रावल मिति २०८२।०७।१० गते विहान ११ ३०. वजेको समयमा टीकापुर पार्क गेटमा पार्क प्रवेश टिकट चेक गर्ने क्रममा ईरिक्साले ठक्कर दिई टाउको र चिउडोमा गहिरो चोट लागी नेपालगञ्ज उपचार गर्दा लागेको खर्च र यस नगरपालिका कार्यपालिका सदस्य श्री रुपमति डगौरा थारु अस्वस्थ भै उपचार गराउनु पर्ने भएकोले उपचार गर्दा लाग्ने खर्च उपलब्ध गरि पाउ भनि निवेदन पेश हुन आएकोले उपचारमा भएको खर्चको विल भर्पाई पेश भए पश्चात देहाय बमोजिम उपचार खर्च अन्य सामाजिक सहायता शिर्षकमा विनियोजित वजेट शिर्षकवाट भुक्तानी दिन टीकापुर नगरपालिका नगर कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

तपसिल

| क्र.स. | विवरण/व्यक्तिको नाम | रकम रु. | श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | न.प्र.जवान श्री ससिना रावल | २७००५।- | अन्य सामाजिक सहायता | |
| २ | कार्यपालिका सदस्य श्री रुपमति डगौरा थारु | ५००००।- | अन्य सामाजिक सहायता | |

प्रस्ताव नं.५ वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत सुपथ मूल्य पसल संचालन कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णय नं.५ यस टीकापुर नगरपालिकाको १७ औ नगरसभाबाट चालु आ.व. ०८२/०८३ को लागि स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत केन्द्र तर्फको कार्यक्रम अनुसार सुपथ मूल्य पसल संचालनका लागि रकम विनियोजन भएको सन्दर्भमा उक्त वजेट तथा कार्यक्रम कार्यान्वयनका लागि सुपथ मूल्य संचालन सम्बन्धि निर्देशिका बनाई सोही बमोजिम कार्यान्वयन गर्ने र सो निर्देशिकाको मस्यौदा तयार गरि पेश गर्ने जिम्मेवारी आर्थिक विकास समितिलाई दिने निर्णय गरियो ।

प्रस्ताव नं.६ खेलकुद कार्यक्रमका लागि बजेट रकम व्यवस्थापन सम्बन्धमा ।

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित गरिएको।

२३।९।२०८२

प्रमुख प्रशासकीय अधिकृत

९/२३

रामलाल डगौरा थारु
नगर प्रमुख

५९ औं कार्यपालिका निर्णयहरू मिति २०८२।०९।२१

निर्णय नं.६ मेयर सँग युवा खेलकुद कार्यक्रम अन्तर्गत विभिन्न खेलकुद कार्यक्रम आयोजना तथा सहभागिताका लागि वजेट माग गरी प्राप्त निवेदनमा थप अध्ययन गरी आवश्यकता र प्राथमिकताका आधारमा मिति २०८२।०९।२० गते सम्म यस कार्यालयमा दर्ता भएका निवेदन माथि समानता कायम हुने गरि उक्त खेलकुद कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट उपलब्ध गराउन नगरप्रमुखलाई अधिकार दिने निर्णय गरियो ।

प्रस्ताव नं.७ विधालय निर्माणका लागि अपुग रकम व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.७ संघीय सशर्त अनुदान वजेट अन्तर्गत ४ कोठे विधालय भवन निर्माणका लागि नगरपालिकावाट थप गर्नु पर्ने रकमको श्रोत खोजी आगामी कार्यपालिका वैठक मार्फत नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८ शैक्षिक सहयोग अनुदान व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा।

निर्णय नं.८ टीकापुर नगरपालिकाको क्षेत्रका विधालयहरुलाई उपलब्ध गराईने विभिन्न सहयोग व्यवस्थित गर्न शैक्षिक सहयोग अनुदान व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९ शितल सामुदायिक बन उपभोक्ता समितिका लागि वजेट विनियोजनकालागि नगरसभामा पेश गर्ने सम्बन्धमा ।

निर्णय नं.९ शितल सामुदायीक बन उपभोक्ता समितिका लागि वजेट विनियोजनका लागि श्रोत सहित आगामी कार्यपालिका बैठक मार्फत नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१० क्षयरोग नियन्त्रण तथा स्वास्थ्य संस्थाहरु सञ्चालनकोलागि विनियोजित बजेट संशोधन सम्बन्धमा ।

निर्णय नं.१० स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरुको तपसिल अनुसार वजेट शिर्षक संशोधन गरी क्षयरोग नियन्त्रण कार्यक्रम स्वास्थ्य संस्थाहरुको नियमित कार्य सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | कार्यक्रमको नाम | स्विकृत रकम रु. | संशोधित कार्यक्रमको नाम | संशोधन रकम रु. | थप गर्नुको कारण |
|---|---|---|---|---|---|
| १ | निःशुल्क रक्तसंचार कार्यक्रम तथा रक्तदाता उत्प्रेरणा कार्यक्रम | ७०००००।० | निःशुल्क रक्तसंचार कार्यक्रम तथा रक्तदाता उत्प्रेरणा कार्यक्रम | २०००००।० | रक्तसंचार कार्यक्रममा प्रदेश सरकारले रकम उपलब्ध गराउने भएकोले । |
| | | | क्षयरोगमुक्त पालिका अभियान कार्यक्रम | ५०००००।० | संघिय सरकार बाट प्राप्त बजेटमा साझेदारी गर्न थप गर्नु पर्ने । |
| २ | स्वास्थ्य संस्थाहरुकालागि Laptop, Desktop लगायत मेशिनरी सामग्री खरीद | ८५००००।० | स्वास्थ्य संस्थाहरुका लागि Laptop, Desktop लगायत मेशिनरी सामग्री खरीद | ५०००००।० | केन्द्र संचालन गर्न रकम अपुग भएकाले थप गर्नु पर्ने । |
| | | | केन्द्र संचालन गर्न रकम अपुग भएकाले थप गर्नु पर्ने । | ३५००००।० | स्वास्थ्य संस्थाहरुमा नियमित कार्य संचालन गर्न अनुदान खर्च दिन आवश्यक भएकाले । |

प्रस्ताव नं.११ मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्य कार्यक्रमकालागि बजेट माग सम्बन्धमा ।

निर्णय नं.११ मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्य कार्यक्रम सञ्चालनकालागि बजेट व्यवस्था गर्न स्रोत सहित आगामी कार्यपालिका बैठक मार्फत नगरसभामा पेश निर्णय गरियो ।

प्रस्ताव नं.१२ खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ स्वीकृत सम्वन्धमा ।

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित गरिएको

२२।९।२०८२

प्रमुख प्रशासकीय अधिकृत

रामलाल ...

निर्णय नं.१२ टीकापुर नगरपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ नगरसभामा पेश गर्न स्वीकृत दिने निर्णय गरियो ।

प्रस्ताव नं.१३ जलवायु अनुकुलन शिर्षकको बजेट संशोधन सम्बन्धमा ।

निर्णय नं.१३ चालु आ.व.२०८२।०८३ का लागि स्वीकृत जलवायु अनुकुलन शिर्षकको बजेट तपसिल बमोजिम संशोधन गरी चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न टीकापुर नगरपालिका वडा नं.६ लाई स्वीकृति दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | रकम रु. | संशोधित कार्यक्रमको नाम | रकम रु. | थप गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जलवायु अनुकुलन कृषक पाठशाला | ७००००।०० | चैतेधान प्रवर्द्धन कार्यक्रम | ७००००।०० | कृषक पाठशाला सञ्चालनमा रकम अपुग हुन भएकोले | |

प्रस्ताव नं.१४ माघी पर्वको उपलक्ष्यमा स्थानीय विदा दिने सम्बन्धमा ।

निर्णय नं.१४ टीकापुर नगरपालिका मातहतका कार्यालयहरु तथा शैक्षिक संस्था (अत्यावश्यक सेवा वाहेक) हरुमा माघी पर्वको उपलक्ष्यमा २०८२ माघ २ गते शुक्रवारका दिन स्थानीय विदा दिने निर्णय गरियो ।

प्रस्ताव नं.१५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ स्वीकृत सम्वन्धमा ।

निर्णय नं.१५ यस नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व सम्बन्धी कार्यलाई व्यवस्थित वनाउन आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व सम्बन्धमा व्यवस्थापन गर्न बनेको प्रतिस्थापन विधेयक, २०८२ स्वीकृतका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१६ डाफे मुनाल टोल विकास संस्था दशघरुवा स्थित सडक विस्तार सम्बन्धमा ।

निर्णय नं.१६ डाफे मुनाल टोल विकास संस्था दशघरुवा स्थित सडक विस्तारका लागि नापी कार्यालयको सहयोगमा रेखाङ्कन र सिमाङ्कन गरी वजेट विनियोजनका लागि आगामी कार्यपालिका मार्फत नगरसभामा पेश गर्न निर्णय गरियो ।

प्रस्ताव नं.१७ श्री मिलन नदी विस्तार सह व्यवस्थापन जलीय जैविक विविधता संरक्षण समुह दर्ता सम्बन्धमा ।

निर्णय नं.१७ यस नगरपालिका वडा नं.८ स्थित श्री मिलन नदी विस्तार सह व्यवस्थापन जलीय जैविक विविधता संरक्षण समुह दर्ता गर्न टीकापुर नगरपालिकाकोको जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा १८ अनुसार स्वीकृति दिने निर्णय गरियो ।

प्रस्ताव नं.१८ महिला स्वास्थ्य स्वयंसेवकहरुको दीर्घकालीन सेवा सम्मानका लागि रकम विनयोजन सम्बन्धमा ।

निर्णय नं.१८ टीकापुर नगरपालिकाको महिला स्वास्थ्य स्वयसेविका दीर्घकालीन सम्मान सेवा सम्बन्धि मापदण्ड २०७९ बमोजिम यस वर्ष दीर्घकालीन सम्मान सेवा प्राप्त गर्ने १ जना सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको राष्ट्रिय महिला स्वास्थय स्वयमसेवीका कार्यक्रम वार्षिक समिक्षा गोष्ठी दिवस मनाउने खर्च, स्वास्थ्य स्वयमसेवीका विभिन्न कार्यक्रम शिर्षकवाट रकम रु. ८०,०००/- (अक्षरेपि असि हजार मात्र) खर्च भै सकेकोले उक्त राष्ट्रिय महिला स्वास्थ्य स्वयमसेवीका कार्यक्रम वार्षिक समिक्षा गोष्ठी दिवस मनाउने खर्च, स्वास्थ्य स्वयमसेवीका विभिन्न कार्यक्रम वजेट शिर्षकमा सोधभर्ना वापत रु.८०,०००।- विनियोजन गर्न नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित गरिएको।

२३।९।२०८२

प्रमुख प्रशासकीय अधिकृत

९/२१

रामलाल डगौरा थारु
नगर प्रमुख

५९ औं कार्यपालिका निर्णयहरु मिति २०८२।०९।२१

प्रस्ताव नं.१९ माछा संरक्षण घोषणा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं.१९ सोनाहा विकास समाज, राजापुर न.पा., वर्दियाको अग्रहमा टीकापुर नगरपालिका वडा नं. ८ को फाँटा देखि सोही वडाको अर्नहवा सम्म तपसिलको सिमाना भित्र रही टीकापुर नगरपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा १८ बमोजिम मत्स्य अभयारण्य क्षेत्र (Fish Sancturary) घोषणा गर्ने निर्णय गरियो ।

तपसिल :

१. पुर्व : राजापुर नगरपालिका, बर्दिया

२. पश्चिम : फाटा, अर्नहवा गाउ

३. उत्तर : फाटा गाउ

४. दक्षिण : अर्नहवा गाउ

प्रस्ताव नं.२० प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति सिफारिस सम्बन्धमा ।

निर्णय नं.२० प्राविधिकधारको स्नातक तह (BEE) अध्ययन गर्नका लागी छात्रवृत्तिका लागि टीकापुर नगरपालिका वडा नं ९ स्थायी बसोबास गर्ने केशरवहादुर धामीको छोरा श्री प्रदिप धामीले स्नातक तह (BEE) मा अध्ययन गर्न छात्रवृत्ति माग गरी पेश गरेको निवेदन सहितका कागजात अध्ययन गरी भर्ना भएको कलेजलाई आवश्यक सहयोग र सहजीकरणका लागि सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२१ टीकापुर भलिबल ट्रेनिङ्ग सेन्टर द्वारा भलिवल खेल प्रतियोगिता सञ्चालन आर्थिक सहयोग माग सम्बन्धमा ।

निर्णय नं.२१ टीकापुर भलिबल ट्रेनिङ्ग सेन्टर द्वारा भलिवल खेल प्रतियोगिता सञ्चालनका लागि वजेट माग गरी प्राप्त निवेदनमा थप अध्ययन गरी आवश्यक निर्णय गर्न नगर प्रमुखलाई अधिकार दिने निर्णय गरियो ।

प्रस्ताव नं.२२ मेलमिलाप केन्द्रको वजेट संशोधन सम्बन्धमा ।

निर्णय नं.२२ नगर सभाबाट मेलमिलापको माध्यमबाट विवाद निरुपण विविध खर्च उप क्षेत्र कानुन तथा न्याय खर्च शीर्षक २२७११ नेपाल सरकार समानीकरण अनुदान रु.१,५०,००० अक्षेरुपी एक लाख पचास हजार विनियोजन भएको रकम चालु आर्थिक वर्षमा न्यायिक समितिमा विवादको दर्ता न्यून देखिएकोले उक्त शीर्षक अन्तर्गतको रकम खर्च हुने संभावना कम देखिएकोले माथि उल्लेखित मेलमिलापको माध्यमबाट विवाद निरुपण विविध खर्च उप क्षेत्र कानुन तथा न्याय खर्च शीर्षक २२७११ नेपाल सरकार समानीकरण अनुदान रु १,५०,००० अक्षेरुपी एक लाख पचास हजार विनियोजन भएको रकम शीर्षकबाट रु.१,००,००० अक्षेरुपी एक लाख मेलमिलापकर्ताहरुको क्षमता विकास तालिममा र रु. १,००,००० अक्षेरुपी एक लाख रकम थप स्वीकृत गर्ने निर्णय गरियो ।

संशोधन पश्चात योजना तथा कार्यक्रम र बजेट

| क्र.सं. | स्वीकृत आयोजना /कार्यक्रम | स्वीकृत रकम रु. | संशोधन पश्चात कायम हुने योजना कार्यक्रम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेलमिलापको माध्यमबाट विवाद निरुपण विविध खर्च | १५०००० | आ.व.२०८२।०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत केन्द्रगत योजना तथा कार्यक्रममा मेलमिलापकर्ताहरुको क्षमता विकास तालिम | १००००० | |

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित गरिएको।

२२।९।२०८२

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रस्ताव नं.२३ मानव मलमुत्र प्रशोधन केन्द्रको वजेट संशोधन सम्बन्धमा ।

निर्णय नं.२३ मानव मलमुत्र प्रशोधन केन्द्रको वाहिरी क्षेत्रमा घेरवार, माटो पाटनी, ग्राभेल तथा पक्की घेरवार एवं सवारी साधन राखे ट्रस भवन निर्माण वजेट शिर्षक संशोधन गरी टीकापुर मानव मलमुत्र प्रशोधन केन्द्रको वाहिरी क्षेत्रमा पर्खाल तथा पूर्वाधार निर्माण आयोजना सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं | स्वीकृत आयोजना /कार्यक्रम | स्वीकृत रकम रु. | संशोधन पश्चात कायम हुने योजना कार्यक्रम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानव मलमुत्र प्रशोधन केन्द्रको वाहिरी क्षेत्रमा घेरवार, माटो तथा ग्राभेलिङ्ग कार्य | २००४००० | टीकापुर मानव मलमुत्र प्रशोधन केन्द्रको वाहिरी क्षेत्रमा वाहिरी क्षेत्रमा पर्खाल तथा पूर्वाधार निर्माण | ४००४००० | |
| | टीकापुर मानव मलमुत्र प्रशोधन केन्द्रको वाहिरी क्षेत्रमा गेट सहित पक्की घेरापर्खाल तथा सवारी साधनहरु राखे ट्रस भवन निर्माण र घेरवार, माटो तथा ग्राभेलिङ्ग कार्य | २०००००० | | | |

प्रचलित कानुन बमोजिम निर्णय प्रमाणित गरिएको

२३।७।२०८२

प्रमुख प्रशासकीय अधिकृत

५/२३

रामलाल डगौरा थारु
नगर प्रमुख

५९ औं कार्यपालिका निर्णय मिति २०८२/०९/२१